# मिश्रित निर्वाचन प्रणालीका फाइदा तथा वेफाइदाहरू

- रोजीना थापा
एल.एल.बी, प्रथम वर्ष (ए), काठमाडौं स्कुल अफ ल

मिश्रित प्रणाली भन्नाले सँगसँगै दुई निर्वाचन प्रणालीको प्रयोग भएको निर्वाचन प्रणाली भन्ने बुझिन्छ । मिश्रित प्रणालीमा बढीमत/वहुमत र समानुपातिक प्रतिनिधित्व प्रणालीका गुणहरूलाई स्वीकार गरिएको हुन्छ । मिश्रित निर्वाचन प्रणालीका दुई स्वरूप हुन्छन् । पहिलो मिश्रित सदस्य समानुपातिक प्रणाली र दोस्रो समानान्तर प्रणाली ।

मिश्रित सदस्य समानुपातिक प्रणाली भन्नाले बढीमत/वहुमत प्रणालीको परिणामका आधारमा अल्पसंख्यक वा सानो दलको प्रतिनिधित्व नभएको अवस्थामा उनीहरूको प्रतिनिधित्वका लागि क्षतिपूर्ति गर्न समानुपातिक निर्वाचन प्रणालीको मान्यतालाई स्वीकार गर्नु हो । यस प्रणालीमा दुईवटा मत, एउटा निर्वाचन क्षेत्र प्रतिनिधिका लागि र दोस्रो राजनीतिक दलको लागि प्रयोग गरिन्छ । निर्वाचन क्षेत्रबाट प्राप्त मतको आधारमा उक्त क्षेत्रका उम्मेद्वारहरू निर्वाचित हुन्छन् भने राजनीतिक दलले प्राप्त गरेको मतको आधारमा निर्वाचनबाट प्राप्त गरेको प्रतिनिधित्वले नपुग संख्यामा मात्र प्रतिनिधित्व गरिन्छ । उदाहरणको लागि यदि कुनै एक राजनैतिक दलले कूल ३० सिट बराबरको राष्ट्रिय मत प्राप्त गर्‍यो तर निर्वाचन क्षेत्रबाट २१ सिट मात्र प्राप्त गरेको छ भने बाँकी ९ सिटमा क्षतिपूर्ति स्वरूप दलले प्राप्त गरेको राष्ट्रिय मतको आधारमा प्रतिनिधित्व गरिन्छ । यो प्रणाली जर्मनी, इटली, मेक्सिको, भेनेजुयला, हंगेरी, बोलिभिया, लेसोथो, बेलायत र न्युजिल्याण्ड गरी नौ देशले अपानाएका छन् ।

समानान्तर निर्वाचन प्रणाली प्रयोग गरी मतदान गर्दा एउटा सूचीमा आधारित समानुपातिक प्रणाली र अर्को बढीमत/वहुमत प्रणाली मार्फत प्रतिनिधिहरू निर्वाचित गरिन्छ । यसरी दुई निर्वाचन विधि प्रयोग गरिए पनि एक निर्वाचनको परिणमको अर्को निर्वाचनमा हुने परिणामसँग कुनै सम्बन्ध राखिदैन । दुवै निर्वाचत स्वतन्त्र र समान समयमा हुने भएकोले समेत सामान्यतया समानान्तर निर्वाचनमा हुने मतदान एकैपटक गर्ने गरिन्छ । समानान्तर निर्वाचन प्रणाली अपनाउने देशहरूमा पहिले नै कुन पद्धतीबाटि कति निर्वाचन गर्ने भन्ने स्थान तोकिएको हुन्छ । यस प्रणालीमा बढीमत/वहुमत प्रणालीको असमानुपातिकतालाई क्षतिपूर्ति नदिइने हुँदा यो प्रणाली अर्ध-समानुपातिक निर्वाचन प्रणाली अन्तर्गत पर्दछ ।

मिश्रित निर्वाचन प्रणालीका फाइदा तथा वेफाइदाहरू निम्नानुसार रहेका छन् ।

**फाइदाः**

१. ठूलो जनसंख्या, भौगोलिक, सामाजिक, आर्थिक, सांस्कृतिक जातीय, धार्मिक विविधता भएको मुलकुहरूमा स्थानीय तथा राष्ट्रिय स्तरको प्रतिनिधित्वका लागि यो प्रकृया प्रभावपूर्ण मानिन्छ ।

२. समानुपातिक सूची प्रणालीले दलहरूलाई उम्मेदवारको सुची बनाउँदा सबैलाई समेट्ने र समाजका सबै जात, जाति, लिङ्ग र वर्गलाई समावेश गर्ने प्रयासलाई बल प्रदान गर्छ ।

३. एक सदस्यीय स्थानको निर्वाचनमा विशेषरूपमा दलहरूले बढी लोकप्रिय खालका व्यक्तिहरूलाई नै उम्मेद्वार बनाउँछन् जसले गर्दा अविकसित तथा अल्पविकसित राष्ट्रहरूमा महिलाहरू पछि पर्छन् तर वहुमत/बढीमत निर्वाचन प्रणालीबाट हुन नसकेको महिला उम्मेद्वारको निर्वाचनको परिपूर्ति समानुपातिक प्रणालीबाट गर्न सकिन्छ । समानुपातिक प्रणालीले उम्मेद्वारको सूचीमा महिलाहरूको नाम समावेश गरी उनीहरूको उत्थानलाई प्रोत्साहन दिएर मतदाताहरूमाझ महिला उम्मेद्वारलाई मत दिनुपर्ने अवस्थाको सृजना गर्दछ ।

४. यसमा मतदाताहरूलाई दुईवटा मत खसाल्ने फाइदा हुन्छ - एक राष्ट्रिय र अर्को स्थानीय प्रतिनिधिहरूकालागि । स्थानीय प्रतिनिधिद्वारा स्थानीय र राष्ट्रिय प्रतिनिधिद्वारा राष्ट्रिय समस्या समाधान गर्न सक्छन् ।

५. यो प्रणालीबाट प्राप्त मतको सहि र विश्वासिलो रूपान्तरण स्थान प्राप्तिमा हुन्छ । ठूलो दलहरूलाई थोरै मत प्राप्त भई बढी स्थान 'लाभांश'को रूपमा प्राप्त हुने सट्टा स-साना दलहरूलाई थोरै मत प्राप्त भए पनि प्रतिनिधित्व प्राप्त हुन सक्दछ ।

६. यस प्रणालीद्वारा मतदाताले दिएको मतको सदुपयोग गरिन्छ र खसेका मतहरूबाट कुनै न कुनै उम्मेद्वारको चयन हुन्छ त्यसकारण मतदाताहरूमा आफ्नो मत खसाल्ने प्रवल इच्छा रहन्छ ।

७. यस प्रणालीले बढीमत/वहुमत प्रणालीमा व्याप्त क्षेत्रबाट वा क्षेत्रीय कार्यक्षेत्र बनाउने प्रवृत्ति तथा सूची समानुपातिक प्रतिनिधित्व प्रणालीमा व्याप्त दलहरूको ध्रुवीकरण र विभाजनमा कमी ल्याउँछ ।

८. मिश्रित सदस्य समानुपातिक प्रतिनिधित्व प्रणालीमा निर्वाचन क्षेत्रको मतद्वारा प्रतिनिधित्व हुन नसक्ने र नसकेको अन्य जाति, वर्ग, धर्म, समुदाय, अल्पसंख्यक र क्षेत्रमा रहेका मतदाताहरूको पार्टी मतका आधारमा प्राथमिकताका साथ निर्वाचित गराउन सकिन्छ ।

**बेफाइदा**

१. यस प्रणालीबाट दुई थरीका प्रतिनिधित्वहरूको सृजना हुन्छ । एक थरीका प्रतिनिधिहरू जुन निर्वाचन क्षेत्रबाट आउँछन् र अर्का थरीका प्रतिनिधिहरू जुन दलको सूचीबाट आउँछन् । निर्वाचन क्षेत्रबाट आउने प्रतिनिधिहरूको सम्बन्ध क्षेत्रका मतदाताहरूसित रहन्छ तर दलको सूचीबाट आउने प्रतिनिधिहरूको कुनै औपचारिक क्षेत्र हुँदैन र निश्चित क्षेत्रसित सम्बन्ध पनि हुँदैन ।

२. यस प्रणाली अन्तर्गत राष्ट्रिय प्रतिनिधिहरू र मतदाताबीच प्रत्यक्ष सम्बन्ध नभएको कारण सम्बन्ध मजबुत हुँदैन । विशेषत: ग्रामीण क्षेत्र हुने विकासशील मुलुकहरूमा मतदाताको लागि आफ्नो क्षेत्रसँगको लगाव र

Copyright © Kathmandu School of Law || **P.O. Box** - 6618, || **Dadhikot, Bhaktapur, Nepal**
**Phone No**. : 977-1-6634455, 6634663, || **Fax:** 977-1-6634801 || **Email** : info@ksl.edu.np

परिचय बढी महत्वपूर्ण हुन्छ र दलहरूसित उसको लगाव वा सम्बन्ध केही हदसम्म गौण हुन गई उत्तरदायित्वबाट विमूख हुन सक्दछन्।

३. समानुपातिक प्रणाली अन्तर्गत, प्रतिनिधित्व प्राप्त गर्ने सीमा अति उच्च/बढी हुन्छ वा एउटा जिल्ला वा क्षेत्रबाट अति न्युन संख्यामा सदस्यहरूको निर्वाचन हुन्छ भन्ने अवस्थामा कुनै दलले थोरै मत प्राप्त गरेर आफ्नो प्रतिनिधित्व पु¥याउन सक्दैन।

४. समानुपातिक प्रतिनिधित्व प्रणाली अन्तर्गत राष्ट्रिय निश्चित सूची प्रणाली अन्तर्गत दलहरूको केन्द्रीय कार्यालयमा बढी शक्ति केन्द्रित हुने भएकोले वरिष्ठ नेताहरू बढी निरंकुश शक्तिशाली हुन सक्छन्। कुनै पनि उम्मेद्वारले दलको सूचीमा दिइएको स्थान उसको निर्वाचनको आधार हुन्छ। ती उम्मेद्वारहरू बढी मात्रामा दलको नेताहरूको कृपामाथि निर्भर रहन्छन्। परिणामतः तिनको मतदातासितको सम्बन्ध गौण हुनजान्छ। त्यसकारण जनताप्रति सिधै उत्तरदायी हुनु पर्दैन र नेतामुखी भए पुग्दछ।

५. यस प्रणालीबाट संयुक्त सरकारको गठन हुने भएकोले उपस्थित समस्याको समाधानमा सहयोगीबाट संयुक्त रूपमा एउटै नीति अपनाउन कठिनाई हुन्छ। राष्ट्रिय एकताका लागि विभिन्न समूहमा विभाजित सरकारबाट छिटो र एउटै सर्वसम्मत निर्णयको निर्माण गर्न कठिन हुन्छ भनिन्छ।

६. सानो क्षेत्र र एक स्थाननका लागि यस प्रणालीको प्रयोग हुन सक्दैन।

७. यस प्रणालीले दलहरूको गठनलाई पनि स्वीकार गरेको हुन्छ। यसको आधारमा मतदाताहरूले दलहरूलाई मतदान गर्छन्। समाजमा दलहरू छैनन् र भर्खरै दलहरू खुलेका छन् भने त्यहाँ यस प्रणालीको प्रयोग कठिन हुन जान्छ।

८. मतदाताहरू यस प्रणालीसँग परिचित नभए यस प्रणालीमा निहित विभिन्नताहरू मतदाताहरूका लागि ज्यादै कठिन हुन्छन्। तसर्थ निर्वाचन प्रशासन बुझ्न र प्रयोग गर्नपनि उत्तिकै जटिल हुने गर्दछ। यस प्रणालीको स्वरूप र कार्यान्वयन प्रकृया जटिल हुने गर्दछ। यस प्रणालीको स्वरूप र कार्यान्वयन प्रकृया जटिल भएकोले यसले मतदातालाई भ्रमित पार्न सक्छ।

९. समानान्तर प्रणालीमा मिश्रित सदस्यीय समानुपातिक प्रणालीमा भएजस्तो वहुमतीय क्षेत्रभित्र असमानुपातिकतालाई पूरा क्षतिपूर्ति हुँदैन।

**सन्दर्भ पुस्तक :**

१. प्रजातन्त्र निर्वाचन प्रणाली र प्रतिनिधित्व - प्रा. डा. वीरेन्द्र प्रसाद मिश्र
२. संविधानसभा र संवैधानिक विकास - काशीराज दाहाल
३. संविधानसभाको औचित्य - डा. वृद्धिप्रसाद भण्डारी
४. संविधानसभाको संरचना र निर्वाचन पद्धति - Freedom Forum

■

Copyright © Kathmandu School of Law || **P.O. Box** - 6618, || **Dadhikot, Bhaktapur, Nepal**
**Phone No**. : 977-1-6634455, 6634663, || **Fax:** 977-1-6634801 || **Email** : info@ksl.edu.np